# गुलरिया नगरकार्यपालिकाको बैठकका निर्णयहरु

## बैठक नं. ६७, २०७९-२०८४

मिति २०८३।०१।३१ गते

**निर्णय नं. १**

गुलरिया नगरपालिकाको ६७औं कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

मन्त्रालयबाट विभिन्न मितिमा प्राप्त परिपत्रहरुका बारेमा आजको बैठकमा छलफल गरियो ।

**निर्णय नं. ३**

यस पालिका अन्तर्गत राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम र गुलरिया नगरपालिकाको शतप्रतिशत साझेदारीमा आ.व. २०८२।०८३ मा सुचिकृत बेरोजगार व्यक्तीहरुलाई कामकाजमा खटाउन निर्णय भए अनुसार यस आ.ब. मा वडा नं. ५ देखी क्रमश गर्ने गरि हाल वडा नं. ५ मा रहेको विकास निर्माणको क्षेत्रमा तपशिल बमोजिमका योजनाहरुमा कामकाज गर्ने गरि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**तपसिल**

१. गुलरिया नगरपालिका वडा नं. ५ लिखिराम थारुको घर देखी उत्तर सुहेलवा रामवाग मन्दिर सम्मको सडक माटो पटान गर्ने कार्य ।
२. गुलरिया नगरपालिका वडा नं. ५ फुलवारी टोल चोक देखी पुर्व युवराज ढकालको घर हुदै दक्षिण पुर्व धनेश्वर भुषालको घर सम्मको पुरानो नाली झरनलाई दुबै तर्फ कच्ची नाली निर्माण गरि सडक ट्याक खोली माटो पटान गर्ने कार्य ।
३. गुलरिया नगरपालिका वडा नं. ५ शंकर घिमिरेको ईटा भट्टा जाने सडक माटो पटान गर्ने कार्य ।
४. गुलरिया नगरपालिका वडा नं. ५ मा रहेका सडकहरुमा माटो पटान गर्ने कार्य ।

**निर्णय नं. ४**

गुलरिया नगरपालिका अनुगमन समितिद्वारा आ.व. २०८२।०८३ मा हाल सम्म गरिएका भौतिक पूर्वाधार निर्माण आयोजना तथा अन्य कार्यक्रमहरु सम्बन्धी अनुगमन प्रतिवेदनहरु आजको बैठकमा पेश गरियो । साथै उक्त प्रतिवेदनहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस पालिकाको आर्थिक वर्ष २०८२।०८३ अन्तर्गत २०८२ श्रावण देखि २०८३ बैशाख ३० गते सम्मको तपसिल बमोजिमको आय व्ययको प्रगति विवरण सम्बन्धमा समिक्षा गरि सार्वजनिक गर्ने निर्णय गरियो ।

**तपसिल**

आय= ८३.०१%

व्यय= ५१.६३%

- चालु खर्च= ६७.८७%
- पूजिगत खर्च= १५.८४%